मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत २४ गते सोमवार (Monday, April 6. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

उच्च जोखिममा युरोपका नेपाली : पृष्ठ २



# राहतमा ल्याप्चे ! कतै विवाद, कतै गुनासो

पार्थ मण्डल

**भद्रपुर, चैत २३।** कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि सरकारले लगाएको लकडाउनको आइतबार १३ औँ दिन हो । सरकारकै निर्देशन बमोजिम अहिले पालिकाहरूले असहाय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने घरपरिवारहरूलाई राहत स्वरूप खाद्यान्न वितरण गर्दै आइरहेको छ ।

तर, सरकारकै निर्देशन बमोजिम पालिकाहरूले बनाएको राहत वितरण मापदण्डमा नेपाली नागरिकता नभएका असहाय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने मजदुर परेका छैनन् । नेपाली नागरिकता नहुने ती घरपरिवार स्थानीय तहले वितरण गरेको राहतबाट वञ्चित हुनु परेको पाइएको छ । झापा छिमेकी मुलुक भारतसँग जोडिएको जिल्लामा पर्छ । यहाँ बर्षौंदेखि बसोबास गर्ने कतिपय नेपाली वा भारतीय दुवैसँग नेपाली नागरिकता छैन । उनीहरू दैनिक ज्यालादारीमा काम गर्दै घरपरिवार पाल्दै आइरहेका छन् ।

तर, भद्रपुर नगरपालिकाको मापदण्डमा ती घरपरिवार राहतको प्याकेजमा पर्न सकेका छैनन् । नगरपालिकाको मापदण्डमा अनिवार्य नागरिकता भएका असहाय, अति विपन्न र दैनिक ज्यालादारीलाई मात्र राहत वितरण गर्न भनी सम्बन्धित वडा कार्यालयहरूलाई निर्देशन जारी गरेको छ । सोही बमोजिम वडा कार्यालयका जनप्रतिनिधिहरुले राहत वितरण गर्न बाध्य बनेका छन् ।

कोरोना भाइरसबाट बच्न सरकारले लकडाउन लगाउँदा पनि नगर क्षेत्रमा नागरिकताकै आवाज उठेको छ । बाढी, भूकम्प, आगलागी र हावाहुरी पीडित जस्तै गरी नगरपालिकाले मापदण्ड तोक्दा नेपाली नागरिकता नभएका विपन्न तथा गरिब जनता त्यसै भोकभोकै मर्ने अवस्था सृजना भइसकेको छ । लकडाउनमा भारत जान नपाएर झापा जिल्लामै रहेका ८० भारतीय मजदुरलाई सम्बन्धित स्थानीय तहले गाँस र बासको व्यवस्था गरेको छ । तर, नगर क्षेत्रमै बर्षौंदेखि बसोबास गर्दै आइरहेका त्यस्ता नागरिक चाहिँ नगरपालिकाको राहत प्याकेजमा नपरेको विषयमा कसैले आवाज उठाएको छैन ।

भद्रपुर- ६ मा डेरा गरी बस्ने लीला यादवको नागरिकता नहुँदा उनलाई राहत दिइएन । घरघरमा काम गरेर परिवार पाल्ने लीलालाई वडा कार्यालय राहत नदिई फर्काइ दिएको छ । 'मेरो श्रीमानको नागरिकता छ, मेरो नागरिकता छैन'- उनले भनिन्- 'तर पनि मैले वडा कार्यालयबाट राहत मिलेन, राहत लिन जाँदा नागरिकता लिएर आउनुहोस् भनेर फर्काइदिनुभयो ।' नेकपाका ६ नम्बर वडा अध्यक्ष रोशन राजवंशीले भने- नागरिकता नभएका विपन्न परिवारले राहत पाएका छैनन् । बर्षौंदेखि यहाँ बसोबास गर्दै आइरहेका त्यस्ता परिवारलाई नागरिकता नभएका कारण राहत नदिनु उचित नभएको बताउँदै उनले भने- राहत नामावलीमा राखिएको थियो, तर नागरिकता नहुँदा उसले राहत पाएन । आमा निरुबाला माझीको नागरिकता हुँदा पनि छोराले राहत नपाउनु जायज नभएको उनले बताए ।

**नागरिकता नभएकालाई पनि राहत दिँदै केही जनप्रतिनिधि**

भद्रपुर नगरपालिकाले राहत वितरणमा कडाइ गर्दै दुईवटा फारम बनाएर वडा कार्यालयहरूलाई वितरण गरेको छ । दुवै फारममा तीनपुस्ते नाम भर्नुका साथै अनिवार्य नागरिकता देखाउनु पर्ने नगरपालिकाले मापदण्ड बनाएको छ । तर, भद्रपुरमा कतिपय मानिसको नेपाली नागरिकता छैन । उनीहरू बर्षौंदेखि यहाँ बसोबास गर्दै आइरहेका छन् । उनीहरू राहतबाट वञ्चित भइरहेको अवस्थामा केही वडा कार्यालयले राहत उपलब्ध गराउन थालेका छन् । भद्रपुर -५ नम्बर वडा कार्यालयमा नेपाली नागरिकता नभएका ५० घरपरिवारलाई राहत उपलब्ध गराएको वडा अध्यक्ष बन्धु कार्कीले बताए ।

'भद्रपुर -५ मा बसोबास गर्ने कतिपयको नागरिकता छैन, नगरपालिकाले तोकेको मापदण्डमा उहाँहरू पर्नु पनि हुन्न'- वडा अध्यक्ष कार्कीले भने- 'तर हामीले कसैलाई छुट्याएका छैनौं, नागरिकता नभएका असहाय, अति विपन्न र दैनिक ज्यालादारी मजदुरलाई राहत दिइरहेका छौं ।'

'उनीहरूको छुट्टै विवरण सङ्कलन गरी दाताहरूबाट आएका राहत र जनप्रतिनिधिको तलबबाट भए पनि राहत उपलब्ध गराउने काम भइरहेको छ'- उनले भने । नगरमा सबैभन्दा बढी ५ नम्बरमा विपन्न घरधुरीको सङ्ख्या रहेको छ । यहाँ धैरै परिवार अति विपन्न रहेकोमा नगरपालिकाले २०२ घरधुरीका लागि मात्र राहत उपलब्ध गराएको उनले बताए । ६ नम्बर वडा अध्यक्ष प्रेम बरुवालले नगरपालिकाको मापदण्डमा नपरेका, नागरिकता नभएका विपन्न परिवारलाई पनि दाताहरूबाट आएको सहयोगबाट राहत उपलब्ध गराउँदै आएको दाबी गरे । उनले दाबी गरे पनि नागरिकता नभएका केही व्यक्तिले अझै राहत नपाएको गुनासो गरिरहेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)



## तरकारी आयात नगर्ने निर्णय

**बिर्तामोड, चैत २३।** पूर्वी नेपाल तथा छिमेकी भारतीय भूमिमा उत्पादिन तरकारी जन्य वस्तुको नेपालकै दोस्रो ठूलो बजार कृषि उपज बजारका व्यापारी व्यवसायीहरुले सरकारबाट अर्को निर्णय नभएसम्म आइतबारदेखि भारतबाट तरकारी तथा फलफूल आयात नगर्ने निर्णय गरेका छन् ।

व्यापारी-व्यवसायीहरुको कृषिथोकमा सम्पन्न भेलाले यस्तो कोरोना भाइरस (कोभिड-१९) को जोखिम बढ्न सक्ने भन्दै भारतीय बजारबाट तरकारी नल्याउने निर्णय गरेका हुन् ।

आइतबार र सोमबार दुई दिन व्यापारीहरुसंग स्टकमा रहेको तरकारी विक्री गर्ने निर्णय गरेका व्यवसायीले कोरोना संक्रमण जोखिमको अवस्थालाई

(बाँकी अन्तिम पृष्ठमा)

## दुई जना नक्कली डाक्टर झापामा पक्राउ

**भद्रपुर, चैत २३।** डाक्टरको नक्कली परिचयपत्र बनाएर कार चढेर काठमाडौँबाट झापा आइपुगेका दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दुवै जनालाई लकडाउन उल्लंघन गरेको आरोपमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । पक्राउ पर्नेमा ललितपुर बस्ने ३३ वर्षीय दिलकुमार श्रेष्ठ र काठमाडौँ बस्ने २८ वर्षीय गणेश अधिकारी रहेको प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए ।

प्रहरीका अनुसार डाक्टरको नक्कली भेष धारण गर्दै बा६च ७०१९ नम्बरको कार चढेर उनीहरू काठमाडौँबाट धरान हुँदै झापाको काँकरभिट्टा आइतबार बिहान आइपुगेका थिए ।

उनीहरूले स्वास्थ्य शिविर चलाउन आएको बताउँदै डाक्टर लेखिएको नक्कली परिचयपत्र समेत बनाएको फेला परेको प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले जानकारी दिए । लागूऔषधको कारोबारी वा प्रयोगकर्ता हुने सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको

(बाँकी अन्तिम पृष्ठमा)

## स्थानीय तहको निर्देशनपछि बगान बन्द



**बिर्तामोड, चैत २३।** गत शुक्रवारबाट आंशिक रुपमा सञ्चालनमा आएका झापाका चिया बगान आइतवारबाट पूर्ण रुपमा बन्द भएका छन् ।

कृषि मन्त्रालय प्रदेश सरकारले चिया उद्योग खुलाउन परिपत्र गरेपछि झापाका चिया वगान सञ्चालनमा आएका थिए । तर, झापामा चिया वगान सञ्चालनमा आएपछि मजदुरलाई कोरोना भाइरसको जोखिम बढ्ने भन्दै चर्को विवाद भएसँगै स्थानीयतहले चिया बगान

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोनाका कारण प्रतिबन्धपछि अनलाइन पढाई शुरु

**झापा, चैत २३।** कोरोनाभाइरसको सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न सरकारले सबै शैक्षिक संस्था समेत बन्द गरेपछि केही नेपाली कलेजहरूले समेत आफ्ना विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्यापन गर्न थालेका छन् ।

कतिपय कलेजले निर्धारित समयमै कोर्स सक्नका लागि र केहीले विद्यार्थीलाई अध्ययनमा व्यस्त राख्नका लागि अनलाइनबाट पढाउन र विभिन्न क्रियाकलापमा सहभागी गराउन थालेका हुन् । माथिल्लो तहमा पढ्ने विद्यार्थी तथा इन्टरनेट सुविधा भएका विद्यार्थीलाई अनलाइन शिक्षा प्रभावकारी भएको कलेजहरूले जनाएका छन् ।

**प्रभावकारी अनलाइन शिक्षा**

कलेजहरूको शिक्षक र विद्यार्थीबीच प्रत्यक्ष भेट हुन नसकेपनि जारी बन्दाबन्दीको बेला पढाइमा कुनै असर पर्न नदिएको दाबी छ । काठमाडौं विश्वविद्यालयका उपप्राध्यापक डा. विकास अधिकारी भन्छन्- विद्यार्थीलाई प्रत्यक्ष भेटेर पढाउनुपर्ने वा व्यवहारिक विषयलाई हालका लागि थाती राखेर हामीले सैद्धान्तिक विषयलाई अनलाइनबाट पढाइरहेका छौँ । विश्वविद्यालयकै विद्यार्थी आस्था खनालले आफ्नो घरमा बसेर अध्ययन गर्न पाउँदा खुशी लागेको बताइन् । उनले भनिन्- यस्तो सङ्कटको बेलामा पनि हामीले अनलाइनमा घरबाटै पढ्न पाएका छौँ । लकडाउनको बेला समय खेर फाल्नुभन्दा अनलाइनबाट हुने पढाइले समयको सदुपयोग भएको छ । केही कलेजले कोरोनाभाइरससँग बच्न देशभरि बन्देज लगाइनुपूर्व नै कोरोनाभाइरसको सम्भावित जोखिमलाई ध्यानमा राखेर अनलाइन कक्षाको तयारी शुरु गरिएको बताएका छन् ।

काठमाडौंको इस्लिङ्टन कलेजले स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई दुई हप्तादेखि अनलाइनबाट अध्ययनको सुविधा प्रदान गरेको जनाएको छ । इस्लिङ्टन कलेजका सूचना प्रविधितर्फका प्राज्ञिक प्रमुख रोहित पाण्डेका अनुसार शुरूका दिनमा विद्यार्थीहरूले असहज अनुभव गरेको भएपनि अहिले त्यस्तो छैन ।

कलेजका अनुसार अनलाइनबाट पढाइमा कक्षाकोठामा जस्तो शिक्षक र विद्यार्थीबीच प्रत्यक्ष अन्तरक्रिया गर्न असुविधा भएपनि विषयवस्तुको सिकाइबुझाइमा भने समस्या छैन ।

**कतिपय शुरु गर्दै**

काठमाडौंको टेक्सस इन्टरनेसनल कलेजले आइतबारदेखि अनलाइन कक्षा शुरू गर्ने जनाएको छ । विभिन्न सङ्कायका गरी एक हजार पाँच सय विद्यार्थीमध्ये केही विद्यार्थीहरूले भने घरमा इन्टरनेटको असुविधाका कारण उक्त अवसरबाट बञ्चित हुने कलेजका डिजिटल मिडिया म्यानेजर प्रविण खड्काले बताए ।

इन्टरनेटको पहुँच भएका स्थानमा विभिन्न सफ्टवेयर वा एप्सको प्रयोग गरेर विद्यार्थीहरूलाई अनलाइन कक्षा सञ्चालन गर्ने क्रम विगत केही वर्षदेखि नै चलेको भए पनि यसलाई वृहत् बनाउन इन्टरनेटको पहुँचलाई थप विस्तार गर्नु पर्ने विज्ञको भनाइ छ ।

**दीर्घकालीन विकल्प आवश्यक**

नेपाल खुला विश्वविद्यालयका

(बाँकी अन्तिम पृष्ठमा)

## चार घरमा आगलागी, लाखौं क्षति

**तेह्रथुम, चैत्र २३।** तेह्रथुमको छथर-४ फाक्चामारा बस्ने सूर्यबहादुर लिम्बूको घरमा आगलागी हुँदा अन्दाजी १५ लाख बराबरको क्षति भएको छ ।

लिम्बूको ढुङ्गा माटोले बनेको २ तले घर २ वटा र गाईगोठमा बिद्युत् सर्ट भई अचानक आगलागी हुँदा घरसहित घरमा भएको सम्पूर्ण काठपात, खाद्यान्न, लत्ताकपडा समेत जलेर नष्ट भएको हो । उक्त आगलागीमा लिम्बूको गोठमा रहेका १० वटा बाखा र १ वटा सुँगुर समेत जलेर मरेका छन् । उक्त आगलागी प्रहरी चौकी शुक्रवारेबाट खटिएको प्रहरी टोली र स्थानीयवासीको सहयोगमा साँढे १० बजे नियन्त्रणमा आएको थियो भने मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

यता झापाको कनकाई नगरपालिका क्षेत्र अन्तर्गतको कनकाई सामुदायिक वन हाताभित्र रहेको सुकुम्वासी बस्तीमा आगलागी हुँदा तीन घर जलेर नष्ट भएका छन् ।

आगलागीबाट सुकुम्वासी बस्तीमा रहेको झकडबहादुर दर्जीको खाली घर, अमृता श्रेष्ठ र ठाकुरसिंह राईको घर जलेर पूर्णरूपमा नष्ट भएको हो । स्थानीय इलाका प्रहरी कार्यालयका

(बाँकी अन्तिम पृष्ठमा)


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक

**शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सस्तोमा घडेरी विक्री

**झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा विक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।**

**सम्पर्कः ९८२३७२६९७९**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १0% छुट गरिएको छ ।




सातौ बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इन्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इन्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ९८४२०७८४५४/९८४८७४३०१७
इण्डिया. ७६४०१६४४५३ नेपाल



**दुवाली छेकेर माछा मार्दै युवाः खोटाङको केपिलासगढी गाउँपालिका र ऐसेलुखर्क गाउँपालिकाको सीमानास्थित रावाखोलामा दुवाली छेकेर माछा मार्दै युवा । लोपोन्मुख अवस्थाका असला माछा पाइने रावाखोलामा विष र करेन्ट लगाउन रोक लगाइएको छ । तस्वीर : रासस**

# बाह्रदशीमा २२०० परिवारलाई राहत

**बिर्तामोड, चैत २३।** बाह्रदशी गाउँपालिकाका २२ सयभन्दा बढी विपन्न परिवारलाई राहत बितरण गरिएको छ ।

गाउँपालिकाले विपन्न परिवारलाई लक्षित गर्दै तीन सय क्वीटल चामल र २५ क्वीन्टल नून खरिद गरेको गाउँपालिकाका अधिकृत चेतनाथ न्यौपानेले बताए । दैनिक ज्यालामजदुरी गरेर जीविकोपार्जन गर्दै आएका २२ सय १४ परिवारलाई वडा कार्यालयमार्फत राहत वितरण गरिएको हो ।

गाउँपालिकाभित्र बसोवास गर्ने विपन्न परिवारलाई 'क' 'ख' र 'ग' वर्गमा वर्गीकरण गर्दै उनीहरुलाई राहतका सामग्री बितरण गरिएको गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए ।

गाउँपालिका बाहेक स्थानीय दाता, उद्योगी व्यवसायी र सामाजिक संघ संस्थाले समेत गाउँपालिकामा रहेका विपन्न परिवारलाई राहत सामग्री बितरण गरेका छन् । जसका कारण ज्यालामजदुरी गर्दै आएका विपन्न परिवारलाई राहत मिलेको वाह्रदशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहालले बताए । स्थानीय दाताहरुबाट गाउँपालिकामा ६५ क्वीटल भन्दा बढी साहत सामग्रीका लागि चामल जुटेको बताइएको छ ।



कोरोना भइरस कोभिड १९ का कारण मुलुक लकडाउन भएपछि विपन्न परिवारका सदस्यलाई गाउँपालिकाका प्रतिनिधि र जनप्रतिनिधिले घर-घरमै राहत सामग्री पुऱ्याएका हुन् ।

सातवटा वडामा विभाजित बाह्रदशी गाउँपालिकामा अघिल्ला वर्षमा विरीङ, अन्धुवा लगायतका खोलामा आएको बाढीले धेरैलाई विस्थापित गरेको थियो भने खेती योग्य जमिन बगरमा परिणत गरेको थियो ।

गाउँपालिकाको दुई नम्वर वडामा सुकुम्वासी वस्ती समेत रहेको बताइएको छ । उनीहरुका लागि गाउँपालिकाले चामल, नून, खानेतेल, सावुन, चाउचाउ लगायतका अतिआवश्यक खाद्य वस्तु समेत उपलब्ध गराएको बताइएको छ ।

भारतसंग सीमा जोडिएको घेरावारी नाकाबाट लुकिछिपी नेपाली तथा भारतीय नागरिकसमेत नेपाल भित्रिन सक्ने भएकाले गाउँपालिकाको दक्षिणी भेगमा सुरक्षा निगरानी समेत उच्च बनाइएको वाह्रदशी गाउँपालिका-१का वडाध्यक्ष शम्भुसिंह राजवंशीले बताए ।

राहत वितरणका समयमा कोरोना भाइरसका विषयमा समेत गाउँलेलाई जानकारी दिँदै विपन्न समुदायका नागरिकको जीवन सहज बनाउन आफूहरु लागीपरेको वडा अध्यक्ष राजवंशीले बताए ।

# काउन्सिलद्वारा सञ्चारकर्मी र सञ्चारमाध्यमको प्रशंसा

## सत्य समाचार सम्प्रेषण गर्न अपिल, सरकारलाई विभिन्न सुझाव

**झापा, चैत २३।** प्रेस काउन्सिल नेपालले नोबेल कोरोना भाइरस संक्रमणको अत्यन्तै कष्टकर अवस्थामा नेपाली पत्रकार र आमसञ्चारमाध्यमले खेलेको भूमिकाको उच्च प्रशंसा गरेको छ ।

काउन्सिलको आइतवार सम्पन्न बोर्ड बैठकले यस संक्रमणबाट जोगिन सरकारले गरेको लकडाउनपछि नेपाली आमसञ्चारमाध्यमले खप्नुपरेको चरम पीडाको समीक्षा गरेको काउन्सिलका सहप्रशासकीय अधिकृत तथा सूचना अधिकारी दीपक खनालले जनाएका छन् । सम्पूर्ण पत्रकार र आमसञ्चारमाध्यमलाई विश्वसनीय, वस्तुनिष्ठ, सन्तुलित, मर्यादित एवम् सत्यतथ्यपूर्ण सूचना तथा समाचार-सामग्री सम्प्रेषण गर्न अपिलसहित काउन्सिलले विभिन्न निर्णय गरेको छ ।

**काउन्सिलको बोर्ड बैठकले गरेका निर्णय यस्ता छन् :**

१) नोबेल कोरोना भाइरसको संक्रमण र रोकथामका लागि राज्य नै बन्दी (लकडाउन) अवस्थामा रहेको संकट एवम् जोखिमपूर्ण स्थितिमा अहोरात्र खटिएर चेतनामूलक सूचना सामग्री सम्प्रेषणमा देशैभरका सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकाको काउन्सिल परिवार उच्च प्रशंसा गर्दछ । अग्रभागमा रहेर खट्ने सञ्चारकर्मी, जटिल अवस्थामा पनि मिडिया सञ्चालन गरी सत्य-तथ्य प्रवाह गर्ने सम्पादक, सञ्चालकलगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, आगामी दिनमा समेत सुरक्षित रहेर पत्रकार आचारसंहिता पालना गरी कोरोना संक्रमण नियन्त्रणका लागि जनचेतनामूलक सामग्री प्रवाह गर्न सम्पूर्ण पत्रकार र सञ्चारकर्मीलाई अपिल गर्दछ ।

२) प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ (क) र (ग) मा पत्रकारिताको विकासका लागि सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार रहेको सन्दर्भमा वर्तमान संकटपूर्ण अवस्थामा देहायनुसार सुझाव सरकारसमक्ष पेश गर्ने निर्णय गरेको छ :-

क) कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि सबै प्रकारका सञ्चारमाध्यमबाट सन्देशमूलक सूचना सामग्री र कार्यक्रम प्रकाशन/प्रसारण गर्न स्वास्थ्य मन्त्रालय, संघ/प्रदेश र स्थानीय सरकारबाट आवश्यक सहकार्य र बजेट व्यवस्था हुनुपर्ने, सोको निम्ति सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समन्वय गरिदिने ।

ख) संकटपूर्ण अवस्थाका सञ्चारमाध्यमको लागि विद्युत, टेलिफोन, इन्टरनेटसहितका सञ्चार सामग्रीमा छुट र अनुदानको व्यवस्था गर्नुपर्ने ।

ग) लकडाउन अवधिमा सार्वजनिक आवतजावत बन्द हुनुका साथै वितरण गर्ने, सम्पादन, व्यवस्थापन समूह एक ठाउँमा जुट्न नसक्ने, छापाखानामा प्राविधिकहरू नआउने अवस्था हुँदा प्रकाशन अवरुद्ध पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन भुक्तानी र वर्गीकरणका लागि यस अवधिमा अङ्क नपुगे पनि भुक्तानी र वर्गीकरणको नीतिगत निर्णय हुनुपर्ने ।

घ) कोरोना संक्रमण नियन्त्रणको लागि प्रभावकारी रुपमा लोककल्याणकारी विज्ञापनका नमूना बनाई आमसञ्चारमाध्यममा प्रचार/प्रसारको व्यवस्था मिलाउनुपर्ने ।

ङ) नेपालको अन्तर्राष्ट्रिय सीमासहित जोखिमपूर्ण क्षेत्रबाट समाचार सम्प्रेषणमा संलग्न सञ्चारकर्मीका निम्ति स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्री अविलम्ब उपलब्ध गराइनुपर्ने ।

३) नेपालको संविधान एवं प्रेससम्बन्धी अन्य कानूनमा समेत प्रेस स्वतन्त्रताको निर्वाध प्रयोगको सुनिश्चितता भएको पृष्ठभूमिमा हालै काठमाडौं प्रेस अनलाइन न्यूज पोर्टलको निर्माणकर्ता/सेवा प्रदायकबाट नै अनलाइन सञ्चारमाध्यममा प्रवेश गरी कन्टेन्टसमेत हटाइएउपर काउन्सिलको ध्यानाकर्षण हुनुका साथै उक्त कार्य स्वतन्त्र प्रेसको मूल मर्म र भावना विपरीत भएको हुँदा सोको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही र आइन्दा यस प्रवृत्तिका प्रेस स्वतन्त्रताविरोधी हस्तक्षेप कहीँकतैबाट हुन नदिने व्यवस्था मिलाउन सम्बन्धित सबैमा आग्रह गर्ने निर्णय भयो ।

४) नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खातामा काउन्सिलका अध्यक्षज्यूको ७ दिनको तलब, अधिकृत कर्मचारीको ५ दिनको तलब र सहायकस्तर कर्मचारी सबैको ३ दिनको तलब बराबरको रकम जम्मा गर्ने गरी अध्यक्षज्यूबाट निर्णय भएको विषय बैठकमा जानकारी भयो ।

# जेलबाट तीन हजार जना रिहा

**कोलम्बो, चैत २३।** कारागारमा रहेका झण्डै तीन हजार जनालाई श्रीलंका सरकारले रिहा गरिदिएको छ ।

अत्यधिक भीड रहेका र कोरोनाभाइरसको संक्रमण फैलिन सक्ने खतरा देखेर उनीहरुलाई रिहा गरिएको अधिकारीहरुले जनाएका छन् । कोरोनाभाइरसको संक्रमण फैलिन नदिन भन्दै श्रीलंकामा गत मार्च २० तारिखदेखि देशव्यापी कर्फ्यू लगाइएको छ । श्रीलंकामा अहिलेसम्म कोरोना भाइरसबाट १६६ जना संक्रमित भएका छन् भने अरु पाँच जनाको मृत्यु भइसकेको छ । राष्ट्रपति कार्यालयद्वारा जारी वक्तव्यका अनुसार गत मार्च १७ देखि अहिलेसम्म जेलमुक्त हुनेमा दुई हजार ९६१ जना रहेका छन् ।

श्रीलंकाका अधिकांश कारागारमा वास्तविक क्षमताभन्दा बढी कैदीबन्दी राख्ने गरिएकाले रिहा गरेर कटौती गरिएको अधिकारीहरुले जनाएका छन् ।



**शारीरिक सुगठन खेलाडी निशान्त प्रधान ग्यास सिलिन्डर बोकेर व्यायाम गर्दै । तस्वीर सौजन्यः नरेन्द्र श्रेष्ठ**

## राहतमा ...

**सम्पन्न परिवारले पनि राहत थाप्दै**

वडा कार्यालयहरूले टोल विकास संस्थामार्फत असहाय, अति विपन्न र दैनिक ज्यालादारीको नामावली सङ्कलन गरेका थिए । टोल विकास संस्थाहरू घरमै बसेर नामावली सङ्कलन गर्दा विपन्नभन्दा सम्पन्न परिवारले राहत पाउन थालेको स्वम् जनप्रतिनिधिहरुले गुनासो पोख्न थालेका छन् । नेकपाका ६ नम्बर वडा अध्यक्ष रोशन राजवंशीका अनुसार हाम्रै वडामा ४५ प्रतिशत सम्पन्न परिवारले राहत लगेको स्वीकारे गरे ।

असहाय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने मजदुर परिवारले अझै पनि राहत नपाएको उनको भनाइ छ । त्यस्तै ५ नम्बर वडा सदस्य लता कार्कीका अनुसार राहत बाँड्ने बेलामा सम्पन्न परिवारका मानिस आएको देख्दा छक्क लागेर आउँछ । 'सरकारबाट राहत आएको भन्दै विपन्नभन्दा सम्पन्न परिवारका सदस्यहरू आएको देखिन्छ, तर हामीले भन्दा पनि नमान्ने, राहत चाहिन्छ कि चाहिन्छ भनेर अडान लिएपछि बाध्य भएर दिनु परेको छ- उनले भनिन् ।

**कोरोनाको राहतमा पनि ल्याप्चे** !

सरकारले कोरोना भाइरस हातबाट सर्ने सन्देश प्रभाव गरिरहेको अवस्थामा भद्रपुरको राहत वितरण कार्यमा सर्वसाधारणलाई दुई पटकसम्म ल्याप्चे गर्न लगाउँदै छन् ।

भद्रपुर नगरपालिकाले दुईवटा फारम अनिवार्य भरी ल्याप्चे हानेर मात्र राहत वितरण गर्न वडा कार्यालयहरूलाई निर्देशन दिएको छ । सोही बमोजिम वडा कार्यालयहरूले राहत वितरण गर्दा फारममा ल्याप्चे हानेर राहत वितरण गरिरहेका छन् । हातबाटै कोरोना सर्ने जानकार हुँदाहुँदै भद्रपुर नगरपालिकाले सर्वसाधारणलाई ल्याप्चे हान्न लगाउनु कार्य गलत भइरहेको जनप्रतिनिधिहरू स्वयम् बताउन थालेका छन् ।

कोरोना भाइरस हातबाटै सर्ने भएकोले दुई पटकसम्म ल्याप्चे हान्न लगाउने काम उचित नभएको बताउँदै ५ नम्बर वडा बन्धु कार्कीले भने- 'यो अरू राहत बाँडे जस्तो होइन, कोरोनाकै विषयमा राहत बाडिँदैछ, तर ल्याप्चे हानेर कोरोना भाइरस फैलाउने काम हुँदैछ, यसलाई तत्काल रोक्नु पर्ने हो नगरपालिकाका मेयर तथा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराइसकेका छौ ।' 'कुनै कोरोना संक्रमति व्यक्तिले राहत लिन आउँदा ल्याप्चे र हस्ताक्षर गर्दा के त्यसबाट कोरोना फैलिँदैन त ? - उनले भने ।

यसैबीच जारी लकडाउनको समयमा दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्नेलाई दमक नगरपालिकाले बितरण गरेको राहतमा बिभेद भएको गुनासो आएको छ । नगरपालिकाले स्थापना गरेको कोषबाट नगरबासीहरुलाई राहत बाँडिरहेको छ । तर आफ्ना कार्यकर्ता र आफन्तलाई मात्रै राहत बाँढेको भन्दै गुनासो बढेको हो ।

दमक वडा नम्बर -१ मा टोल विकास समितिले सिफारिस गरेका बिपन्नहरुको नाम कटौती गरेर केहीलाई मात्र बाँड्न खोजेको भन्दै ३ वटा टोलबासीहरुले नगरपालिकाले दिएको राहत बहिस्कार गरेका छन् । टोल विकास समितिले सिफारिस गरेका सबैलाई राहत दिए मात्रै आफूहरुले लिने भन्दै उनीहरुले राहत बहिस्कार गरेका हुन् ।

सोही वडा निवासी कांग्रेस महाधिवेसन प्रतिनिधि घनेन्द्रराज योङ्याले पनि राहत बितरण प्रक्रिया पारदर्शी नभएको आरोप लगाए । नगरपालिकाले एकद्वार प्रणालीबाट राहत बाँड्ने भनेकोले आफूहरुले पनि सबै नागरिकको अभिभावक नगरपालिका बन्नेछ भन्ने विश्वासले एकमुष्ठ रकम नगरपालिकालाई बुझाएको उनले बताए । टोलले सिफारिस गरेका नामहरु कटौतिको कुनै आधार नै नभएको भन्दै उनले दिने भए बिपन्न सबैलाई राहत दिनु, नभए आपूहरुलाई राहत बाँड्न अनुमति दिन नगरपालिकासँग माग गरिएको बताए । नगरपालिकाले अनुमति दिए आफूहरुले कसैलाई पनि भोकै हुन नदिने बताए ।

राहत वितरणका लागि बिपन्न परिवार छनौट गर्न वडामा समिति बनाइए पनि समितिसँग सल्लाह नै नगरी वडाध्यक्षले आफ्ना कार्यकर्ता परिचालन गरेर नाम छनौट गरी राहत वितरण गरेको दमक -४ का नेपाली कांग्रेस वडा छायाँ समिति संयोजक राजेन्द्र भट्टराईले आरोप लगाएका छन् । वडाभित्र रहेका १० वटा टोल विकास समितिसँग कुनै समन्वय नै नगरी बिपन्न भनेर आफ्ना कार्यकर्तालाई मात्रै राहत बाँडेको भन्दै उनले वडाभित्रका वास्तविक बिपन्नहरु भोकै रहेको बताए ।

उता दमक नगरपालिकाकी उपप्रमुख तथा प्रवक्ता गीता अधिकारीले टोल विकास समितिले सिफारिस गरेका नाम अनुसार नै राहत वितरण भइरहेको बताइन् । प्रारम्भिक चरणमा सिफारिस भएकाहरुलाई पुनः वडाको राहत वितरण समिति र टोल विकास समितिसँग छलफल गरेर नै नाम छनौट गरिएको उनले बताइन् ।

उपप्रमुखले सो दाबी गरे पनि दमक -९ पूर्वेली टोलका अध्यक्ष उमानाथ न्यौपानेले भने आफूहरुले २७ जनाको नाम सिफारिस गरेर पठाएकोमा ५ जनाले मात्रै राहत पाएको बताए । २२ जना बिपन्नको नाम के आधारमा सुचिबाट काटियो आफूलाई थाहा नभएको उनले बताए । टोलका घरघरमा पुगेर उनीहरुको भण्डार र कोठा समेतको अनुगमन गरी बिपन्नहरुको नाम संकलन गरिएकोमा अहिले ५ जनाले मात्रै राहत पाएकोले आफू अप्ठ्यारोमा परेको उनले बताए । २२ जनाका परिवार आएर 'अस्ति नाम टिप्नु भएको थियो तर हामी राहत नपाएर भोकै बस्नु पऱ्यो'- भन्दै आफ्नो घरमा आउने गरेको उनले गुनासो गरे ।

कांग्रेस नगर सभापति रोशन बिष्टले पनि धेरै वडाबाट राहत बितरण पारदर्शी नभएको गुनासो आएको भन्दै यसमा पार्टीको ध्यानाकर्षण भएको बताए । अहिले जनप्रतिनिधिहरु सबैको अभिभावक भएको भन्दै यस्तो बिपदको बेला राहत बितरण गर्दा हिजो आफूलाई भोट नदिएको र अर्कोलाई भोट दिएको भनेर बिभेद नगर्न नगरपालिकालाई ध्यानकर्षण गराईएको उनले बताए ।

नगर उपप्रमुख तथा प्रवक्ता अधिकारीले नगरपालिकाले आइतवार सबै वडामा राहत बितरण गरिसक्ने र बाँकी छुटेकालाई वडाले समन्वय गरी वितरण गर्ने जानकारी दिइन् । कुनै नगरबासी पनि भोकै बस्ने अवस्था नआउने भन्दै उनले वडालाई नै सबै अधिकार दिएको बताइन् ।

## कोरोनाका ...

उपकुलपति डा. लेखनाथ शर्माका अनुसार हाल सञ्चालन भइरहेका अनलाइन कक्षाहरू निशुल्क रूपमा उपलब्ध हुने एप्स वा अन्य सफ्टवेयरको माध्यमबाट चलाइएकाले त्यो दिगो हुन नसक्ने हुनाले अन्य विकल्पमा जानुपर्ने बताउँछन् ।

उनले भने- ठूलो संख्यामा विद्यार्थीहरूलाई अनलाइन कक्षामा आवद्ध बनाउन मोबाइलको डाटाको माध्यमलाई सदुपयोग गर्ने हिसाबले सोच्नुपर्ने हुन्छ । अहिले प्रदान गरिएको सुविधा निश्चित समय र संख्यालाई मात्रै प्रभावकारी देखिन्छ ।

त्यसका अतिरिक्त पाठ्यसामग्रीलाई अनलाइनको माध्यमसँग मेल खाने हिसाबले बनाउन सके र पाठ्यसामग्री जतिबेलामा पढ्न मिल्ने गरी अनलाइन संग्रहका रूपमा राख्ने व्यवस्था गर्नुपर्ने उनको सुझाव छ । त्यसका अतिरिक्त यु-ट्यूव, स्थानीय रेडियो र टेलिभिजनबाट समेत यस्तो शिक्षालाई प्रवर्द्धन गर्न सकिने विज्ञको धारणा छ ।

कोरोनाभाइरसको सङ्क्रमण फैलने डरले नेपालमा पनि सबै स्कूल कलेज चैत्र मसान्तसम्म बन्द गर्ने निर्णय गरिएको थियो भने कैयन् महत्वपूर्ण परीक्षाहरूसमेत स्थगित गरिएको वीवीसीले उल्लेख गरेको छ ।

## तरकारी ...

मध्यनजर गर्दै लकडाउन सम्बन्धी सरकारले अर्को निर्णय आएसम्म भारतीय बजारबाट तरकारीको आयात नगर्ने उनीहरुको भनाइ छ । नेपालमा भन्दा भारतमा कोरोनाको संक्रमण जोखिम जटिल भएको अवस्थामा तरकारी आयात गरिरहँदा त्यहीबाट पनि नेपालमा कोरोना भित्रिन सक्ने कुरालाई आँकलन गर्दै गरिएको निर्णयमा ३९ जना तरकारी व्यापारी तथा व्यवसायीले हस्ताक्षर गरेको व्यवसायी रामसिंह यात्रीले जनाएका छन् ।

कृषि उपज बजारस्थलमा नेपाल तथा भारतका विभिन्न ठाउँबाट संकलित तरकारी तथा फलफूल झापाका विभिन्न बजारसहित नारायणघाट, बुटबल, पोखरा लगायतका ठूल्ठूला बजारहरुमा पुग्ने गरेको छ ।

## चार घरमा ...

अनुसार शनिबार बेलुकी ४:१५ बजेबाट राईको घरबाट आगलागी शुरु भएको थियो । आगलागीमा परेकामध्ये झकडबहादुर भने यसअघिदेखि नै मेयर आवास क्षेत्रमा बसोबास गर्दै आएका थिए । आगलागी भएको थाहा पाएपछि दमक नगरपालिकाको दमकल साथै कनकाई सामुदायिक वनको खानेपानी ट्याङ्की र स्थानीयवासीको पहलमा निभाइएको थियो । आगलागीको कारण बुझ्न नपाइए पनि धुमपान सेवन गर्नेका कारण भएको हुनसक्ने अनुमान गरिएको छ ।

## स्थानीय ...

बन्द गर्न निर्देशन दिएका हुन् ।

स्थानीय तहका प्रमुखको निर्देशनपछि मेची नगरपालिका र वुद्धशान्ति गाउँपालिकामा रहेका चिया बन्द भएका छन् । मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले नगरभित्रका सबै चिया बगान बन्द गर्न निर्देशन दिएसँगै मेचीनगरको टोकला चिया वगान बन्द भएको हो भने वुद्धशान्ति गाउँपालिकाका प्रमुख रमेशकुमार भुजेलले नेपाल चिया विकास निगमको वर्ने चिया कमान वगान बन्द गर्न निर्देशन दिएपछि झापामा सञ्चालित चिया बगान बन्द भएका हुन् ।

मेचीनगरपालिका प्रमुख आचार्यले टोकला चिया बगानको अनुगमन गर्दै चिया उद्यागीहरुलाई चिया बगान बन्द गर्न निर्देशन दिएका थिए ।

टोकला चिया वगानको नगरप्रमुख आचार्यसहित उपप्रमुख मीन पोखरेल उप्रेती, सांसद् गोपालचन्द्र बुढाथोकी, श्रीप्रसाद मैनाली लगायतले स्थलगत निरीक्षण गर्दै बगानका सञ्चालक सुभाष संघाईलाई चिया बगान बन्द गर्न निर्देशन दिइएको थियो ।

चिया वगानमा कार्यरत मजदुरको सुरक्षाका लागि बाध्य भएर प्रदेश सरकारको परिपत्रलाई मिचेरै चिया बगान बन्द गर्न निर्देशन दिएको मेचीनगरप्रमुख आचार्यले बताए ।

## दुई जना ...

बताउँदै उनले भने- यस बारेमा अनुसन्धान भइरहेको छ । धरानमा समेत एक दिन बसेर आएका दुवै जनालाई तत्कालका लागि अस्थायी क्वारेन्टाइनमा पठाइसकेको उनले बताए । अहिलेसम्म इलाका प्रहरी कार्यालय काँकरभिट्टा लकडाउन उल्लंघन गरेको आरोपमा १२ जनाभन्दा बढी मानिस र एक दर्जन सवारीसाधन नियन्त्रणमा लिइसकेको छ ।


## कर्मचारी तु-आवश्यकता

**लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।**

**तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)**

**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

## कोरोना कहर

**महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमण हाम्रा लागि कहर बनिँदैछ । पछिल्लोपटक पहिचान भएको संक्रमण दोस्रो चरण भएको चिकित्सकले बताएपछि यसले त्रास झनै बढाएको छ । स्वास्थ्य सेवाको पहुँच नै नभएको नेपाली जीवन संक्रमित भइसक्दा उपचार पाउनबाट बञ्चित हुनेछन् ।**

**चीनबाट शुरु भएको कोभिड १९ कोरोना भाइरसले आज विश्वका दुई सयभन्दा बढी देशलाई गाँजेको छ । यसबाट जोगिने एक मात्र उपाय 'लकडाउन' नै भएको स्वास्थ्यविज्ञहरुले बताएका छन् ।**

**चीनमा महामारीको रुप लिइसक्दा समेत आवागमन बन्द नगरेको कारण सीमाना जोडिएका देशहरु जोखिममा रहनु स्वाभाविक नै हो । ढिलो गरेर भए पनि सरकारले अन्तर्राष्ट्रिय उडान बन्द गर्‍यो, स्थलमार्ग भएर प्रवेश गर्नेहरुलाई रोक्यो तर आउ–जाउको क्रम चलिरह्यो । तीनतिर सीमा जोडिएको भारतबाट यही सयम एक लाखभन्दा बढी नेपाली देश भित्रिएका छन् । चेतना र पहुँचका कमीका कारण भाइरसको संक्रमणलाई यसले विस्तार गर्ने निश्चित छ ।**

**सेवासुविधा विस्तार तत्काल सम्भव हुँदैन । त्यसैले सबैले लकडाउनको पालना गरेर यो महामारीबाट जोगाउन लाग्नु पर्दछ । अहिले पनि सडकमा अनुमतिबिना मानिसको आवागमन भइरहेको छ । स्थानीय सरकारले संक्रमण रोक्न विशेष पहल गर्नु पर्दछ । अत्यावश्यक बस्तुको वितरण सहज पार्नेदेखि सुरक्षा र चेतना विस्तारमा जनप्रतिनिधिहरुलाई परिचालन गर्नुपर्दछ । यस्तै आपद् विपद्का लागि बनिएका जनप्रतिनिधिहरुले निस्वार्थ सेवा प्रवाह गर्नुपर्दछ । अन्यथा कोरोना कहरले नेपाली जीवन विनाश गर्नेछ । त्यसैले संघ, प्रदेश र स्थानीय सरकारले जनताको सुरक्षाको जिम्मा लिनु पर्दछ ।**

# उच्च जोखिममा युरोपका नेपाली

□ भरत प्रधान

विश्वभर महामारीको रूप लिइरहेको कोरोना भाइसको प्रत्यक्ष प्रभावका कारण युरोपमा रहेका नेपालीहरू पनि उच्च जोखिममा परेका छन् । चीनको वुहान शहरबाट शुरु भएको कोरोनाको सङ्क्रमण पछिल्लो समय युरोप र अमेरिकामा तीव्ररूपमा फैलिरहेको छ ।

इटाली, स्पेन, फ्रान्स, बेलायत, पोर्चुगल लगायतका युरोपेली मुलुकहरूमा कोरोना भाइसको सङ्क्रमण बढेसँगै युरोपमा रहेका नेपालीहरू उच्च जोखिममा परेका हुन् । कोरोनाका कारण युरोपमा मानवीय क्षति बढ्दै गएपछि त्यहाँ रहेका गैरआवासीय नेपालीमा थप सङ्कट निम्तिन सक्ने खतरा बढेको छ । कोरोनाको महामारीका कारण युरोपमा रहेका धेरै नेपाली रोजगारविहीन भएका छन् भने दैनिकीसमेत कष्टकर बन्दै गएको छ । कोरोना सङ्क्रमणका कारण युरोपमा मात्रै ४० हजारभन्दा बढीले ज्यान गुमाइसकेका छन् । लाखौँ मानिस प्रभावित भएका छन् । यसको महामारीबाट विश्वमै सबैभन्दा बढी मानवीय क्षति युरोपमा भएको छ । पछिल्लो समय बढी सङ्क्रमण अमेरिकामा देखिएको छ ।

यो समाचार तयार पार्दासम्म विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वभरका २०८ मुलुकमा कोरोना भाइरसको सङ्क्रमण फैलिएको छ । हालसम्म विश्वभर १२ लाख एक हजार ९६४ सङ्क्रमित भएको र ६४ हजार ७२७ को ज्यान गएको वर्ल्डोमिटरर्सको तथ्याङ्कले देखाएको छ । तीमध्ये दुई लाख ४६ हजार ६३८ उपचारपछि घर फर्केका छन् ।

पछिल्लो तथ्याङ्क अनुसार कोरोना भाइरसका कारण सबैभन्दा बढी इटालीका नागरिकको ज्यान गएको छ । त्यहाँ हालसम्म १५ हजार ३६२ को मत्यु भइसकेको छ भने एक लाख २४ हजार ६३२ जना सङ्क्रमित भएको तथ्याङ्क छ । बीस हजार ९९६ उपचारपछि निको भई घर फर्केका छन् ।

इटालीमा कोरोनाको सङ्क्रमण र मृत्युदर भयावह देखिए पनि त्यहाँ रहेका नेपालीहरू भने सुरक्षित नै रहेको गैरआवासीय नेपाली सङ्घ इटालीका अध्यक्ष देव गुरुङले जानकारी दिनुभयो । गुरुङका अनुसार इटालीमा १५ सयको हाराहारीमा नेपालीको बसोबास रहेको अनुमान छ । यहाँको अवस्था हेर्दा नेपालीहरूको अवस्था चिन्ताजनक नै छ, तर आत्तिइहाल्नुपर्ने अवस्था भने छैन- गुरुङले भने- यहाँ रहेका सबै नेपालीसँग हामी निरन्तर सम्पर्कमा छौँ । कोरोनाको सङ्क्रमणले सङ्कटग्रस्ट इटालीले गत मार्च ४ (फागुन २१ गते) देखि राष्ट्रिय सङ्कटकालको घोषणा गरेको थियो ।

गैरआवासीय नेपाली सङ्घका युरोप क्षेत्रीय संयोजक नारायण आचार्यले कोरोनाका कारण सिङ्गो युरोप नै सङ्कटमा गुज्रिरहेकाले नेपालीहरू पनि उच्च जोखिममा रहेको बताउनुभयो । कोरोना सङ्क्रमणको गति यही स्थितिमा बढिरहे युरोपमा रहेका नेपालीहरूमा थप सङ्कट निम्तिन सक्ने खतरा रहेको उहाँले बताउनुभयो । कोरोनाको सङ्क्रमणबाट बच्न उच्च सावधानी र सतर्कता अपनाउन युरोपबासी नेपालीहरूलाई आग्रह गर्दै आचार्यले यो महामारीबाट बच्न र बचाउन सङ्घसमेत संस्थागतरूपमा लागि परेको बताउनुभयो । आचार्यका अनुसार कोरोनाबाट आइपर्न सक्ने सम्भावित सङ्कटलाई मध्यनजर गरेर युरोपमा रहेका नेपालीहरूको राहत र उद्धारका लागि ५० हजार युरो बराबरको आपतकालीन कोष स्थापना गर्ने निर्णय भएको छ । कोरोनाबाट प्रभावित नेपालीहरूको तथ्याङ्क सङ्कलन गरेर समस्यामा परेका नेपालीहरूलाई उक्त कोषबाट राहत प्रदान गरिने उहाँले बताउनुभयो ।

इटालीपछि कोराना सङ्क्रमणका कारण सबैभन्दा बढीले ज्यान गुमाएको अर्को युरोपेली देश हो, स्पेन । कोरोनाका कारण स्पेनमा ११ हजार ९४७ को ज्यान गएको छ भने एक लाख २६ हजार १६८ मा सङ्क्रमण भएको तथ्याङ्क छ । तीमध्ये ३४ हजार २१९ उपचारपछि घर फर्केका छन् । पछिल्लो तथ्याङ्क हेर्दा स्पेनमा पनि कोरोना सङ्क्रमणको वृद्धिदर इटालीमा जस्तै तीव्रगतिमा बढिरहेको छ ।

स्पेनमा रहेका लोकगायक राजेन्द्र लम्सालले स्पेनको अवस्था निकै दर्दनाक रहेको प्रतिक्रिया दिनुभयो । घरभित्रै बसेको धेरै दिन भइसक्यो, अत्यावश्यक काम बाहेक घरबाहिर निस्किएका छैनौँ, सर्वत्र कोरोनाको त्रास छ । कतिबेला के हुने हो, केही



थाहा छैन- लम्सालले भने । उनका अनुसार उद्योगधन्दा, कलकारखाना, सार्वजनिक यातायात, शहर बजार, होटेल रेष्टुरेण्ट, व्यावसायिक प्रतिष्ठानहरू ठप्प हुँदा दैनिकी कष्टकर बन्दै गएको छ ।

कोरोनाका कारण आक्रान्त बनेको स्पेनमा १० हजारको हाराहारीमा नेपालीको बसोबास रहेको अनुमान छ । स्पेनमा हालसम्म सात नेपालीलाई कोरोना सङ्क्रमणको पुष्टि भएको गैर आवासीय नेपाली सङ्घ स्पेनका अध्यक्ष दिनेश गुरुङले जानकारी दिनुभयो । सङ्क्रमित नेपालीहरूको त्यहाँस्थित अस्पतालमा उपचार भइरहेको उहाँले बताउनुभयो । तीमध्ये एक जना नेपाली उपचारपछि घर फर्किएका छन् । कोरोना भाइरसबाट तेस्रो बढी प्रभावित बनेको अर्को युरोपेली मुलुक हो, फ्रान्स । त्यहाँ कोरोनाका कारण सात हजार ५६० को मृत्यु भइसकेको छ भने ८९ हजार ९५३ मा सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये १५ हजार ४३८ स्वास्थ्यलाभ गरेर घर फर्केका छन् । गत सातादेखि फ्रान्समा पनि मृत्युदर र सङ्क्रमण दर बढ्दै गएको छ ।

कोरोनाको महामारीका कारण आक्रान्त बनेको फ्रान्सको स्थिति हेर्दा नेपालीहरू पनि त्रसित रहेको पेरिसमा रहेका स्याङजाका विष्णुबहादुर सारुले बताउनुभयो । घरभित्रै बसेको तीन साताभन्दा बढी भयो, बजार पूरै ठप्प छ- थापाले भने- अत्यावश्यक कामका लागि स्वीकृति लिएर मात्रै बाहिर जान पाइन्छ । अन्यथा जरिवाना र जेलसम्मको सजाय हुन्छ । फ्रान्समा रहेका नेपालीहरूको अवस्था सामान्य रहेको गैरआवासीय नेपाली सङ्घ फ्रान्सका अध्यक्ष नरेन्द्र शाहीले बताउनुभयो । नेपालीहरू सुरक्षित रहे पनि जोखिम भने उच्च रहेको उहाँले बताउनुभयो । कोरोनाले निम्त्याएको सङ्कटका कारण समस्यामा परेका ३५ भन्दा बढी नेपालीलाई सङ्घले राहतस्वरूप खाद्यान्न सामग्री प्रदान गरेको शाहीले जानकारी दिनुभयो ।

फ्रान्समा करिब पाँच हजारको हाराहारीमा नेपालीहरूको बसोबास रहेको दूतावासको अनुमान छ । हालसम्म त्यहाँ रहेका नेपाली सुरक्षित रहेको फ्रान्सका लागि नेपाली राजदूत दीपक अधिकारीले राससलाई जानकारी दिनुभयो । नेपालीहरूलाई पर्ने समस्यामा सहयोग र सहकार्य गर्न फ्रान्स र पोर्चुगलको सरकारलाई आग्रह गरिएको र त्यहाँको सरकारले पनि सहयोग गर्ने आश्वासन दिएको राजदूत अधिकारीले बताउनुभयो ।

त्यस्तै जर्मनीमा हालसम्म ९६ हजार ९२ मा कोरोनाको सङ्क्रमण देखा परेको छ भने एक हजार ४४४ को मृत्यु भइसकेको छ । तीमध्ये २६ हजार ४०० उपचारपछि घर फर्केका छन् । त्यस्तै बेल्जियममा पनि एक हजार २८३ को मृत्यु भइसकेको छ भने १८ हजार ४३१ मा सङ्क्रमण भएको पुष्टि भएको छ । तीन हजार २४७ स्वास्थ्यलाभ गरेर घर फर्केका छन् ।

युरोपमै सबैभन्दा बढी नेपालीहरूको बसोबास रहेको बेलायतमा ४१ हजार ९०३ मा कोरोनाको सङ्क्रमण देखा परेको छ । त्यहाँ चार हजार ३१३ ले ज्यान गुमाएका छन् । ती मध्ये १३५ जना उपचारपछि घर फर्केका छन् । बेलायतमा हालसम्म आठ नेपालीलाई कोरोना सङ्क्रमणको पुष्टि भएको लण्डनस्थित नेपाली दूतावासले जनाएको छ । तीमध्ये दुई नेपालीको ज्यान गएको दूतावासका उपनियोग प्रमुख शरदराज आरणले राससलाई जानकारी दिनुभयो । आरणका अनुसार हाल दुई नेपालीको उपचार भइरहेको छ भने चार जना उपचारपछि घर फर्किसकेका छन् । अन्य १० नेपाली कोरोनाको आशङ्कामा क्वारेन्टाइनमा रहेको उहाँले जानकारी दिनुभयो । बेलायतमा रहेका नेपालीहरूलाई उच्च सजगता र सतर्कता अपनाउन विशेष आग्रहसमेत गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार यकिन तथ्याङ्क नभए पनि बेलायतमा डेढलाख नेपालीको बसोबास रहेको अनुमान छ ।

कोरोनाको महामारी कारण युरोपमा रहेका नेपालीहरूको अवस्था सामान्य रहे पनि जोखिम भने उच्च रहेको नेपाल पत्रकार महासङ्घ युरोप शाखाका अध्यक्ष केजीन राईले बताउनुभयो । युरोपमा रहेका नेपालीहरूले गर्ने कामको प्रकृति हेर्दा धेरै नेपालीमा सङ्क्रमण हुनसक्ने तर नेपालीहरू खुल्न नचाहेका कारण पनि सङ्क्रमितको यकिन तथ्याङ्क बाहिर नआएको राईको भनाइ छ ।

बेलायतपछि सबैभन्दा बढी नेपालीको बसोबास रहेको मुलुक पोर्चुगलमा दश हजार ५२४ मा कोरोनाको सङ्क्रमण पुष्टि भएको छ । पोर्चुगलमा हालसम्म २६६ जनाले ज्यान गुमाइसकेका छन् । पोर्चुगलमा तीन नेपालीमा कोरोना सङ्क्रमणको आधिकारिक पुष्टि भएको लिस्बनका लागि नेपाली अवैतनिक वाणिज्यदूत मकरबहादुर हमालले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्क्रमित नेपालीको अस्पतालमा उपचार भइरहेको छ । वाणिज्यदूत हमालका अनुसार अन्य केही नेपालीहरू कोरोनाको आशङ्कामा क्वारेन्टाइनमा रहेका छन् । यहाँ रहेका नेपालीलाई कोरोनाको सम्भावित सङ्क्रमणबाट बच्न र सुरक्षित रहन विशेष सजगता र सतर्कता अपनाउन आव्हान गरिएको हमालले बताए । कोरोनाको महामारीबाट बच्न र समस्यामा परेका नेपालीहरूलाई सहयोग र समन्वय गर्ने उद्देश्यले गैरआवासीय नेपाली सङ्घ पोर्चुगलले विशेष अभियान सञ्चालन गरेको सङ्घका अध्यक्ष तिलकप्रसाद गैरेले जानकारी दिनुभयो । सङ्घका कोषाध्यक्ष विक्रमजङ्ग कुँवरको संयोजकत्वमा 'टास्क फोर्स' नै बनाएर समस्यामा परेका नेपालीको राहत र उद्धारका लागि परिचालन गरिएको गैरेले बताउनुभयो । यकिन तथ्याङ्क नभए पनि पोर्चुगलमा करिब २५ हजार नेपालीहरूको बसोबास रहेको अनुमान छ ।

बेल्जियममा एक नेपालीलाई कोराना सङ्क्रमण पुष्टि भएको बेल्जियमका लागि नेपाली राजदूत लोकबहादुर थापाले राससलाई जानकारी दिनुभयो । राजदूत थापाका अनुसार बेल्जियममा नौ हजारको हारहारीमा नेपालीहरू रहेका छन् । बेल्जियमसहित नेदरल्याण्ड्स र लग्जेम्बर्गमा रहेका नेपालीहरूलाई कोरोनाको सङ्क्रमणबाट बच्नका लागि विशेष सुरक्षा, सर्तकता र उच्च सावधानी अपनाउन राजदूत थापाले आग्रह गर्नुभएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो तथ्याङ्क अनुसार सङ्क्रमितको सङ्ख्यालाई आधार मान्ने हो भने कोरोनाबाट विश्वमै सबैभन्दा बढी प्रभावित भएको देश अमेरिका बनेको छ । अमेरिकामा कोरोना सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ । अमेरिकामा झण्डै तीन लाखमा कोरानाको सङ्क्रमण देखा परेको छ ।

## राहतका लागि 'खाद्य बैंक'

**फिदिम, चैत २३ ।** लकडाउनका कारण जीविकोपार्जनमा समस्या भएका परिवारलाई राहत दिन पाँचथरमा 'खाद्य बैंक' स्थापना गरिएको छ ।

पाँचथर उद्योग वाणिज्य सङ्घले खाद्य बैंक स्थापना गरेको हो । उद्योगी, व्यवसायी तथा अन्य सहयोगीहरूले स्वेच्छिकरूपमा खाद्य सामग्री तथा रकम जम्मा गर्नसक्ने उक्त खाद्य बैंक सञ्चालनमा आइसकेको छ ।

खाद्य बैंकमा दाताहरूबाट खाद्यवस्तु चामल, दाल, नुन, तेल तथा नगद सङ्कलन गरिने सङ्घका अध्यक्ष दीपक नेपालले बताए । यसरी सङ्कलित खाद्य सामग्री र नगद सङ्घले जिल्लाका आठ वटै स्थानीय तहलाई समानुपातिकरूपमा उपलब्ध गराउने छ । वितरण भने स्थानीय तह आफैँले गर्नेछन् ।

न्यून आय भएका परिवार तथा असङ्गठित मजदुरलाई प्राथमिकतामा राखी राहत दिन खाद्य बैंक स्थापना गरिएको सङ्घले जनाएको छ । शनिबार साँझसम्म खाद्य बैंकमा पाँच हजार ५०० किलो चामल, १५० किलो नुन, १६० लिटर तेल, १७५ किलो दाल र रु ९१ हजार नगद जम्मा भएको अध्यक्ष नेपालले जानकारी दिए ।

उद्योगी, व्यवसायीबाट असङ्गठित रूपमा उपलब्ध गराइने राहत प्रभावकारी नहुने तथा वास्तविक पीडितले प्राप्त गर्न नसक्ने भएका कारण सङ्घको मातहतमा खाद्य बैंक स्थापना भएको हो । सरकारले लिएको राहत वितरणका लागि एकद्वार नीतिमा निजी क्षेत्रसमेत सामेल हुन उक्त पहलले सहयोग पुग्ने यहाँको निजी क्षेत्रको विश्वास छ । लकडाउनका कारण प्रभावित भएका विपन्न परिवार तथा दैनिक ज्यालादारी गर्ने मजदुरको यहाँका स्थानीय तहले तथ्याङ्क सङ्कलन गरिरहेका छन् ।



**प्याजः वराटनगर महानगरपालिका–११ स्थित जनपथ टोलमा व्यापारीले निजी जग्गा भाडामा लिई आइतबारदेखि सञ्चालन गरेको तरकारी बजारमा भण्डारण गरिएको प्याज । तस्वीरः मनोज दाहाल/रासस**

## ट्याक्टर दुर्घटनामा एकको मृत्यु

**सुनसरी, चैत २३ ।** सुनसरीको बराहक्षेत्र नगरपालिका-२ मा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय ३२ वर्षीय हरि थापा रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । भित्री सडकखण्डमा को२त १८३६ नंको ट्याक्टर आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टरमा सवार थापाको घटनास्थलमै मृत्यु भएको सुनसरी प्रहरीले जनाएको छ ।

ट्याक्टर चालक ४३ वर्षीय टङ्क निरौला घाइते भएको र उनको धरानस्थित वीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## हाँगाले लागेर एक जनाको मृत्यु

**पाँचथर, चैत्र २३ ।** पाँचथर फालेलुङ-५ लुदिन बस्ने ३५ बर्षीय मिलन राईको रुखको हांगाले लागी मृत्यु भएको छ ।

सोही स्थानमा रहेको सामुदायिक बनमा रुख काट्ने क्रममा रुख लड्दा सोही रुखको हांगाले राईको टाउकोमा लागी गम्भीर घाइते भएकोमा उपचारार्थ फिदिम पाँचथर लादै गर्दा उनको राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

## कांग्रेसका जिल्ला सभापतिहरुद्वारा कोरोना परीक्षणको दायरा बढाउन माग

**काठमाडौँ, चैत २३ ।** नेपाली कांग्रेसका जिल्ला सभापतिले कोरोना परीक्षणको पहुँच सबै जिल्लामा विस्तार गर्न माग गरेका छन् ।

नेपाली कांग्रेसका ७७ जिल्ला सभापतिद्वारा आज जारी गरिएको संयुक्त विज्ञप्तिमा विश्वव्यापीरुपमा फैलँदै गएको कोभिड-१९को संक्रमण नेपालमा पनि बढ्नसक्ने भन्दै कोरोना परीक्षणको दायरा तत्काल सबैको सरल पहुँच हुने गरी बढाउन माग गरेका हुन् ।

कांग्रेस जिल्ला सभापतिले देशभरका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायत अत्यावश्यक सेवामा खटिने कर्मचारीलाई गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) उपलब्ध गराउन सरकारको ध्यानाकर्षण समेत गरेका छन् । कांग्रेस नुवाकोटका सभापति जगदिश्वरनरसिंह केसीले भारत-नेपालको सिमानामा अलपत्र परेका नेपाली र तेस्रो मुलुकमा रहेका सबैलाई नेपाल ल्याई क्वारेन्टाइनमा राख्ने वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरेका छन् ।

मुलुकमा रहेका श्रमजीवी मजदुर र विपन्न



वर्गलाई तत्काल खाद्यान्न लगायतका राहत सामग्रीको वितरणको व्यवस्था मिलाउन कांग्रेस जिल्ला सभापतिले माग गरेका हुन् । उहाँहरुले कोरोना भाइरस रोकथाम तथा उपचारका लागि सम्पूर्ण तहमा सङ्कलन गरिएको रकम ठीक ढङ्गले वितरण र उपयोग गर्नका लागि उच्चस्तरीय सर्वदलीय संयन्त्रको गठन गर्नुपर्ने माग गरेका छन् । यसैगरी, स्वास्थ्य उपकरण खरिदका लागि नेपाली सेनालाई जिम्मेवारी दिने निर्णय खारेज गर्न माग गरिएको छ ।

कांग्रेस जिल्ला सभापतिले पार्टीका देशभरका कार्यकर्तालाई कोरोनाबारे देशभर जनचेतना फैलाउन र आइपरेको समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन् । उनीहरुले कांग्रेसका जिल्ला सभापतिले यस विषम परिस्थितिमा जनताको जिउधनको रक्षा गर्न र सूचनाको हक प्रदान गर्न निरन्तर क्रियाशील सबैलाई धन्यवाद व्यक्त गरेका छन् ।



**कोशी किनारमा व्यवसायिक तरकारी खेती:** सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी किनारमा व्यवसायिक रुपमा गरिएको तरकारी खेतीमा पानी लगाउँदै कृषक । भारतको उतरप्रदेशका २५ किसान परिवारले १०० विगाह जमिनमा तरकारी खेती गर्दै आएका छन् । तस्वीर : रासस

# अमेरिकामा ५०० नेपालीमा कोरोनाको सङ्क्रमण

**वासिङ्टन डिसी, चैत २३।** अमेरिकामा विभिन्न तरिकाले बसोबास गर्दै आएका नेपालीमूलका अमेरिकी तथा नेपालीभाषी पनि कोभिड-१९ को चपेटामा परेका छन् ।

अहिलेसम्म नेपालीमूलका एक जनाको निधन भएको छ भने करिब ५०० कोरोना भाइरसबाट सङ्क्रमित भएको जनाइएको छ तर यसको स्वतन्त्ररूपमा पुष्टि हुन सकेको छैन । अमेरिकामा रहेका नेपाली कति सङ्क्रमित भएका छन् भन्नेबारे आधिकारिकरूपमा बताउन कसैले पनि सकेका छैनन् ।

अमेरिकामा रहेको नेपाली दूतावासले नेपालीलाई कुनै समस्या परेको खण्डमा सम्पर्क गर्न भन्दै विभिन्न टेलिफोन नम्बर दिएको छ भने दूतावासको वेबसाइटमा एउटा फर्मसमेत राखिएको छ । राससससँगको कुराकानीका क्रममा अमेरिकाका लागि नेपालका राजदूत डा. अर्जुन कार्कीले अमेरिकामा पर्यटन वा अन्य प्रयोजनका लागि भ्रमणमा आएका नेपालीलाई विषम परिस्थितिमा उत्पन्न समस्या र भिसालगायतको विषयमा सम्बोधनका लागि अमेरिकी सरकारसमक्ष आवश्यक प्रक्रियाका लागि कूटनीतिक पत्राचार गरेको बताएका छन् । अमेरिका भ्रमणमा रहेका कतिपय नेपालीको भिसाको म्याद सकिएको र उनीहरूमा 'ओभरस्टे' हुने हो कि भन्ने आशङ्का रहेको छ ।

अमेरिकाको राज्यसभाको विधायकमा निर्वाचित ह्यारी भण्डारीले नेपालीभाषी अमेरिकीको सहयोगका लागि आफ्नो कार्यालयले विभिन्न कार्यक्रम गरेको बताए । भण्डारीले आफ्नो विभिन्न माध्यम तथा स्थानीय नेपाली समुदायसँगको परामर्शका आधारमा दैनिकरूपमा नेपालीभाषीहरू कोरोनाबाट सङ्क्रमित भएको रिपोर्ट आएको बताउँछन् ।

भण्डारीको कार्यालयले नेपालीभाषीका लागि बेरोजगार घोषणा गर्ने फर्म तथा व्यवसायमा आधारित कर्जा तथा कतिपय व्यक्तिको सङ्क्रमण परीक्षणका लागि सहयोग गरेको बताउँछन् । सङ्घीय जनप्रतिनिधिसँग समेत सहकार्य गरेर नागरिकका विभिन्न समस्याको सहजीकरणका लागि काम गरिरहेको उनले बताए । भण्डारीले मेरिल्याण्ड जनरल एसेम्बलीमा हेल्थ एण्ड गभर्नमेन्ट अपरेशन कमिटीको



सदस्यका रूपमा समेत काम गरिरहेका छन् । यसपटक मेरिल्याण्डको जनरल एसेम्बली १५८ वर्षमा पहिलोपटक तोकिएको समयभन्दा अगावै कोरोना भाइरसका कारणले अन्त्य गरिएको थियो ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का पूर्वअध्यक्ष तथा पेशाले चिकित्सकसमेत रहेका डा केशव पौडेल अमेरिकामा रहेका नेपालीमा मनोवैज्ञानिक सन्त्रास अत्यधिक रहेको बताउँछन् । कोरोना भाइरसको सामान्य लक्षण देखिएका ८० प्रतिशतभन्दा बढीले खानपान र सामाजिक भेटघाट कम गरी आफैँ क्वारेन्टाइनमा बस्दा यसमा कुनै चिन्ता लिनुनपर्ने पौडेलको भनाइ छ । राससससँग कुरा गर्दै पौडेलले भने- अमेरिकाभरिका बिरामीको प्रकृति र प्रवृत्ति हेर्दा १५ प्रतिशतलाई अस्पतालमा भर्ना गर्नुपर्ने अवस्था आएको र पाँच प्रतिशतलाई इन्सेटिभ केयर युनिट (अति सघन कक्ष) मा भर्ना गर्नुपरेको देखिएको छ । त्यसमध्ये करिब एक दशमलव ४ प्रतिशतका बिरामीले जीवन गुमाउनुपरेको छ । पौडेलका अनुसार करिब ५०० नेपाली कोरोना भाइरसको सङ्क्रमित भएका छन् । तीमध्ये करिब आधाभन्दा बढी अपस्ताल भर्ना नभई सेल्फ क्वारेन्टाइनमा बसेका छन् । कोरोनाका कारण न्यूयोर्कमा बस्दै आएका अनिल लिम्बूको गत साता निधन भएको थियो ।

नेपालीहरू अमेरिकाको न्यूयोर्क, क्यालिफोर्निया, न्यूजर्सी, पेन्सलभेनिया, टेक्सासलगायतका स्थानमा बढी बसोबास गर्ने तथ्याङ्क छ । यसैगरी मेरिल्याण्ड, न्यूह्याम्पसायर, कनेक्टिकट, भर्जिनिया, नर्थ क्यारोलिना, कोलोराडो वासिङ्टन इलोनोइजमा पनि बसोबास गर्दै आएका छन् । अमेरिकाको पचासै राज्यमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ भने मुख्यरूपमा न्यूयोर्कमा बढी देखिएको । न्ययोर्कमा मात्र करिब ४० हजार नेपाली बसोबास गर्ने गरेको अनौपचारिक तथ्याङ्क रहेको छ ।

तर, सङ्घीय सरकारले स्वास्थ्य बीमा नभएकाहरूको पनि उपचार गर्ने र राहत प्याकेज अन्तर्गतको प्रतिव्यक्ति १२ सय डलर उपलब्ध गराउने भएकाले धेरै आत्तिन नपर्ने धारणा भण्डारीको छ । भण्डारीले हरेक राज्यमा बस्ने नेपालीलाई सहयोग गर्न आफ्नो कार्यालयले राज्यपिच्छेको सम्पर्क ठेगानासहितको विवरण आफ्नो वेबसाइटमा राखेकोसमेत बताए ।

अमेरिकामा ३०० रजिष्टर्ड नर्स आबद्ध रहेको सान सोसाइटी अफ अमेरिकन नेप्लिजको अध्यक्ष रहेकी मञ्जु सङ्ग्रौलाले दिएको जानकारी अनुसार उहाँहरूसँग आबद्ध नर्सहरू सबै 'एक्टिभ डचुटी'मा रहेका छन् । यसैगरी एनआरएनए ग्लोबल हेल्थ कमिटीका अध्यक्ष डा. सञ्जीव सापकोटाले कुरा गर्दै भने- हामीले अनौपचारिक तथ्याङ्क सङ्कलन गरेका छौँ, यसरी तथ्याङ्क केलाउँदा करिब ५०० कोरोना भाइरसको सङ्क्रमित हुनुभएको देखिएको छ । तीमध्ये ८० प्रतिशतभन्दा बढी घरमा नै आइसोलेसनमा बसेका छन् । सापकोटाका अनुसार कोरोना भाइरस पोजेटिभ देखिँदैमा जीवन अन्त्य हुन्छ भन्ने भ्रमबाट सबै मुक्त हुनुपर्छ । अमेरिकामा आफ्नो स्वास्थ्य अस्वस्थाका बारेमा जानकारी दिने विषय गोपनीयताको हक भएकाले पनि यकिन तथ्याङ्क पत्ता लगाउन कठिन हुने सापकोटाको भनाइ छ ।

नागरिक अगुवादेखि नेपाली दूतावासका प्रतिनिधि र अमेरिकाका जनप्रतिनिधिसमेत सबैले एकै स्वरमा सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सनको मार्गनिर्देशनहरू अक्षरशः पालना गर्न समुदायमा अपिल गरेका छन् ।

## अन्तर्राष्ट्रिय समाचार

### जोड जोडले गफ गरेपछि ...

**मस्को, चैत २३।** रसियाको र्याजान क्षेत्रमा एक व्यक्तिले रातिको समयमा आफ्नो घरको झ्यालमुनि सडकमा बसेर जोड जोडले गफ गरेको निहुँमा पाँच व्यक्तिलाई गोली हानेर हत्या गरेका छन् ।

अनुसन्धानकर्ताका अनुसार कोरोनाभाइरसका कारण स्थानीयबासीलाई आ-आफ्ना घरभित्र बस्न आदेश दिइए पनि ती पाँच व्यक्ति अर्केको घरछेउ सडकमा बसेर हल्ला गरेका थिए । मृत्यु भएकाहरुमा चार जना पुरुष र एक महिला छन् । यो घटना शनिबार राति १० बजे भएको थियो । राजधानी मस्कोबाट दक्षिणपूर्व करिब २०० किलोमिटर टाढाको र्याजान क्षेत्रस्थित येलात्मा गाउँमा उक्त घटना भएको अधिकारीहरुले बताएका छन् । प्रहरीले गोली चलाउने व्यक्तिलाई एक थान राइफलसहित गिरफ्तार गरेको छ ।

### युएईद्वारा नयाँ आर्थिक प्याकेज घोषणा

**अबुधाबी, चैत २३।** युनाईटेड अरब इमिरेट्सको केन्द्रीय बैंकले कोरोनाभाइरस महामारीका कारण अर्थतन्त्रमा परेको असर कम गर्न ७० अर्ब डलरको आर्थिक प्याकेजको घोषणा गरेको छ ।

तेलको धनी राष्ट्र युएईको केन्द्रीय बैंकले गत महिना ३५ अर्ब डलरको आर्थिक प्याकेज घोषणा गरेको थियो । बैंकले अघि सारेको पछिल्लो प्याकेजमा खासगरी बैंकहरुले सामना गर्नु परेका वित्तीय र तरलता अभावलाई सम्बोधन गरिएको छ । नयाँ कदममा डिमान्ड डिपोजिटमा यसअघि बैंकहरुले राख्नुपर्ने सुरक्षणलाई १५ प्रतिशतबाट ७ प्रतिशतमा झारिएको छ जसबाट ग्राहकले बाँकी रकम बैंकबाट झिक्न पाउने छन् । यसबाट बैंकहरुसँग करिब १७ अर्ब डलर तरलता उपलब्ध हुनेछ ।

युएईमा हालसम्म एक हजार पाँच सय पाँच जना कोरोनाभाइरसबाट संक्रमित व्यक्ति छन् भने १० जनाको मृत्यु भएको छ । युएईमा हाल यात्रामा प्रतिबन्ध लगाउनुका साथै सपिङ मल र मनोरञ्जनका स्थलहरु बन्द गरिएका छन् ।

गत शनिबार रातिदेखि नै दुबईमा दुई साता लामो लकडाउन घोषणा गरिएको छ । सरकारले दुबईमा व्यापक स्वास्थ्य परीक्षण अभियान चलाउने निर्णय पनि गरेको छ ।

### पाकिस्तानमा २९ सय संक्रमित, ४५ जनाको मृत्यु



**इस्लामावाद, चैत २३।** पाकिस्तानमा कोरोनाभाइरसबाट संक्रमितहरुको संख्या आइतबार बिहानसम्म झण्डै २ हजार नौ सय पुगेको छ ।

देशका स्वास्थ्य अधिकारीहरुले दिएको पछिल्लो विवरण अनुसार आइतबारसम्ममा मृत्यु हुनेको संख्या ४५ पुगेको छ । अधिकारीहरुले शनिबारसम्म देशभरीमा संक्रमितको संख्या दुई हजार सात सय ८ पुगेको र संक्रमित भएका मध्ये १३ जनाको अवस्था गम्भीर रहेको बताएका थिए । आइतबार भने संक्रमित अवस्थामा रहेका मध्ये १८ जनाको अवस्था गम्भीर रहेको र एक सय ७० जना निको भएर घर फर्किएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

पाकिस्तानको स्वास्थ्य मन्त्रालयले सबैभन्दा धेरै संक्रमितहरु पन्जाव प्रान्तमा रहेको पनि जनाएको छ । पन्जावमा एक हजार एक सय ६३ जना संक्रमित भएका छन् । त्यसैगरी दोस्रो धेरै संक्रमित सिन्ध प्रान्तमा रहेका छन्, जहाँ आठ सय ६४ जना संक्रमित भएका छन् । मन्त्रालयका अनुसार खैबर पख्तुन्ख्वामा तीन सय ७२ जना, गिल्गिट बाल्तीस्तानमा दुई सय ६ जना, बलुचिस्तानमा एक सय ८५ जना, केन्द्रीय राजधानी रहेको इस्लामावाद प्रान्तमा ७८ जना र पाकिस्तान नियन्त्रित काश्मिरमा १२ जना संक्रमित रहेका छन् ।

विश्वभरी दुईसय भन्दा बढी देशमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण आइतबारसम्म १२ लाखभन्द बढी बिरामी भएका छन् भने ६४ हजारभन्दा बढीको मृत्यु भएको छ ।


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याकीबाट सफाई गरिन्छ ।

कोरियन भाषामा विशेष छुट
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

उज्यालो यातायात प्रा.लि.
९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

डाक्टर आउने बारेको सूचना
डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

कर्मचारी आवश्यकता
सेक्यूरिटी गार्ड (महिला-पुरुष) १५ जना
Math/English Teacher: ४ जना
Math/Science Teacher: ४ जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउस किपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


### हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ । कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ । संयम रहनु पर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । मेहनत गर्दा काम बनाउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो दिन छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने हौसला वढ्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । पुरानो समस्या दोहोरिएला । काम कार्यमा विचार गर्नु पर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । समय दिन नसक्दा बन्न लागेको काम रोकिन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ । पछि आम्दानी हुने काम फेला पार्न सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बलजफ्तीले हानि पुर्याउनेछ भने फाइदाका पछि लाग्दा शुभचिन्तक र नजिकका साथीभाइ टाढिन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पार्न सकिनेछ। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । चलअचल धनको उपयोगबाट मनग्गे फाइदा हुनेछ ।